छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २८ •अंक ५७ • २०८३ साल आषाढ ३२ गते विहीबार (16 July, Thursday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

## सांसद झाद्वारा सरकारको खरो आलोचना

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पूर्व प्रवक्ता समेत रहेका सांसद  मनिष झाले सञ्चार गृह र अन्य ठाउँमा गाडी राखेर अवरोध गरिएको प्रति घोर आपत्ति प्रकट गरेका छन् । ' राज्य आफैंले आतङ्कित बनाउन हुँदैन्' उनले भनेका छन् ।



विदेशमा रहेका सांसद झाले बुधवार आफ्नो धारणा फेसबुकमार्फत धारणा सार्वजनिक गरेका छन् । 'सञ्चार गृह र अन्य स्थानमा गाडी राखेर अवरोध गर्ने काम गलत हो ' उनले अगाडी भनेका छन्, यसमा जो संलग्न छ, अनुसन्धान र कारबाही हुनुपर्छ ।'

'राज्यले नागरिकको चिन्ता निराकरण गर्ने हो ' नागरिकको चिन्ता निराकरण गर्न सुझाव दिँदै उनले फेसबुकमा लेखेका छन, ' राज्यले आफैं थप आतङ्कित बनाउने हैन ।'

राज्यकै संरक्षणमा सञ्चार माध्यम र अन्य ठाउँमा अव्यवस्थित पार्किङ गरिएको तर्फ संकेत गर्दै झाले प्रश्नगर्दै लेखेका छन्, ' बचपना देखाएर राजकाज चल्छ ? 'यस्तो बचपना देखाएर राजकाज चल्छ ?' उनले खरो प्रश्न गरेका छन्, 'के यस्तै स्तरहीन र गलत प्रयोग गर्न 'जेनजेड' सहादत भएको हो ?

'यस किसिमको कामप्रति घोर आपत्ति छ ' उनले भनेका छन् । गत सोमबार नेपाली कांग्रेसका सभापति गगन थापाको निवास अगाडि र कान्तिपुर, अनलाइनखबर, हिमालय टेलिभिजन लगायतका ठाउँमा शंकास्पद ढंगले सवारीसाधन पार्क गरेर चालक सम्पर्कविहीन भएका थिए । कान्तिपुर अगाडि पार्क गरेको गाडी रास्वपा नेताको रहेको खुलेको हो ।

सांसद झा धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रत्यक्ष निर्वाचित सांसद हुन् ।उनले चुनावको क्रममा बालेन्द्र शाह(बालेन)ले प्रयोग गरेको मालपानीको महँगो जीपबारे समेत असन्तुष्टि जनाएका थिए ।करछलीको गाडी चढन नहुने झाले प्रष्ट धारणा राखेका थिए ।

उक्त घटनाको रास्वपालेपनि आलोचना गरेको छ ।रास्वपाले विज्ञप्ति जारीगर्दै सञ्चारकर्मीहरुलाई निर्धक्क भएर काम गर्न आग्रह गरेको छ । सरकारले नै कांग्रेस सभापति थापा लगायत सञ्चार माध्यमहरुको ढोका अबरुद्ध हुनेगरि सवारी साधन पार्क गराएको आरोप विपक्षीहरुले लगाएका छन् ।यस सम्बन्धमा सरकारले प्रष्टीकरण दिएको छैन् ।तर त्यस कार्यमा सरकारी संयन्त्र समेत परिचालन भएको आरोप छ ।गाडी पार्क गर्नेहरुले सुरक्षाकर्मीको गाडी प्रयोग गरेको बताइएको छ ।

सांसद झाले संसदमा पनि सरकारको कयौं कार्यप्रति असन्तुष्टि जनाएका थिए ।खरो बोल्ने झाले मधेशको सबालमा समेत आप्ना प्रष्ट धारणा राख्दै आएका छन् ।रास्वपामा मधेशीको उपेक्षा गरिएको आरोप संसदमा सत्तासिन दलकै सांसदहरुले लगाएका हुन् ।मधेशको मत लिएर दुई तिहाई नजिक पुगेको रास्वपाका नेता समेत रहेका बालेन्द्र शाह नेतृत्वको सरकारको सर्वत्र आलोचना हुन थालेको छ ।

### सुदुरपश्चिमको हावा मधेश प्रदेशसम्म

## पुराना तीन दलबीच प्रदेश सरकारमा गंभीर विवाद, गठबन्धनमा संकट

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय संसदमा कमजोर रहेको तीन पुराना दलबीच प्रदेश सरकारको विषयमा गंभीर विवाद देखिएको छ ।

सातवटै प्रदेशमा सत्तामा रहेको तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी(नेकपा) रहेका छन् ।तर सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा सरकारको विषयमा नेकां र एमालेबीच चर्किएको बिबादले बाँकीको पाँचवटै प्रदेशलाई समेत तरंगीत बनाएको छ ।

सुदुरपश्चिम प्रदेशमा सत्ता साझेदार एमालेले बजेट पारित गर्न असहयोग गरेपछि बुधवार एमालेका मन्त्रीहरुलाई बर्खास्त गरिएको छ ।सरकारलाई नेकपाले सहयोग नगरे अल्पमतमा पर्ने निश्चित छ ।

त्यसैगरि कर्णाली प्रदेशमा रहेको नेकपा एमाले नेतृत्वको सरकारमा रहेको कांग्रेसका चार जना मन्त्रीले बुधवार नै राजिनामा दिएका छन् ।उनीहरुले राजिनामा दिएसँगै कर्णाली प्रदेशमा समेत सरकार संकटमा देखिएको छ ।दुई प्रदेशमा देखिएको विवादले अन्य प्रदेशमा समेत उथलपुथल हुन सक्ने कांग्रेसका एकजना केन्द्रिय सदस्यले जनाएका छन् ।

कांग्रेसका नेताहरुको अनौपचारिक बैठकले सातवटै प्रदेशमा नेकपा एमालेसँगको सहकार्य तोड्ने निस्कर्षमा पुगेको बताइएको छ ।केन्द्रिय सदस्य रामपल्टन साहका अनुसार एमाले नसच्चिए सबै प्रदेशमा गठबन्धन तोडिने छ ।'एमालेले सुदुरपश्चिममा सरकारलाई असहयोग गरेर ढाल्ने प्रयास गरेको छ ' उनले भने, त्यहाँ एमालेले सहयोग नगरे अन्य प्रदेशमा समेत उससित सहकार्य हुने छैन् ।



AI Genrate Photo

प्रदेश सरकारहरूमा नेकपा एमालेले देखाएको व्यवहार ठिक नभएको भन्दै उनले सबै प्रदेशबाट आफ्नो पार्टीका मन्त्री फिर्ता बोलाउने निस्कर्षमा नेताहरु पुगेका छन् ।

कांग्रेस र एमालेका शीर्ष नेताहरूबीच निरन्तर भएको छलफलमा सहमति जुट्न नसकेपछि एमालेसँगको सहकार्यबाट कांग्रेस पछि हट्न लागेको केन्द्रिय सदस्य साहले बताए ।

सातवटै प्रदेश सरकारमा भएका मन्त्रीहरूलाई फिर्ता बोलाउन सक्ने अवस्थामा हामी पुगेका छौ ' उनले भने, तर हामी अझै सहकार्य गर्न एमालेको निर्णय कुरिरहेका छौ ।

एमालेसित सहकार्य तोड्न कांग्रेसलाई मधेश प्रदेश बाहेकमा सहज छ ।तर मधेश प्रदेशमा एमालेको साथ छाडे कांग्रेसले मुख्यमन्त्री समेत गुमाउने छ ।मधेश केन्द्रित दलहरुले एमालेको सहकार्यमा सरकार गठन गर्न सक्ने संभावना बलियो छ ।

कांग्रेसका लागि मधेश प्रदेश भारी कमजोरी बनेको छ ।मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा एमाले र नेकपा सहितको सरकार छ ।कांग्रेसले मधेश प्रदेशलाई छोड्न तयार छैन् ।हुनत कांग्रेस सभापति गगन थापाका निकट सहयोगी वीरेन्द्र सिंह लगायतका सांसदहरुले कृष्णा यादवलाई नेतृत्वबाट हटाउन जोडबल गरिरहेका छन् ।

निवर्तमान सभापति शेरबहादुर देउवा निकट रहेका यादव हाल खेमा परिवर्तन गरिसकेका छन् ।उनी संस्थापन पक्षमा नै लागेकाले केहि हद सम्म यादव खतरामुक्त छन् ।तर उनी बिरुद्ध पार्टीमा ठूलो शक्ति लागेको छ ।त्यो शक्तिले कुनै बेला यादवलाई धरापमा पार्न सक्ने बताइन्छ ।

कांग्रेस र एमाले दुबै आन्तरिक बिबादमा अल्झिएको छ ।एमालेमा पार्टी पूनर्गठन

आजमात्रै कर्णाली सरकारबाट कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएका थिए भने सुदूरपश्चिम प्रदेश सरकारमा एमालेका मन्त्रीहरूलाई बर्खास्त गरिएको थियो ।

कर्णालीमा एमालेको र सुदूरपश्चिममा कांग्रेस नेतृत्वको सरकार छ । अब बाँकी अन्य प्रदेशमा पनि एमाले-कांग्रेसबीच भएको सहमति तोडिने संभावना बढेपछि नेकपाको भूमिका निर्णायक भएको छ ।तर मधेश प्रदेशमा गठबन्धन भत्किए मधेशवादी दलहरुको साथ सत्ताको साँचो हुनेछ ।

सत्तासमिकरण बनाउन माहिर एमालेले मधेशी दलको नेतृत्वमा समेत सरकारमा जान परहेज गर्ने छैन् ।विगतमा पनि मधेशी दलको नेतृत्वमा गठित सरकारमा एमाले सहभागि रहेको थियो ।त्यसकारणपनि कांग्रेसमा एमालेसितको गठबन्धन भत्काउन केहि नेताहरु सकारात्मक छैन् ।उनीहरुले एमालेसितको सहकार्यलाई निरन्तरता दिन नेतृत्वमाथि जोड दिएका छन् ।

प्रदेश सरकारमा नेकपासँग समझदारी भएको खण्डमा सरकारमै रहनेगरी छलफल अघि बढाइएको र नभए सबै प्रदेशमा प्रतिपक्षी बेञ्चमा बस्ने अनौपचारिक छलफलको निष्कर्ष रहेको नेताहरुले जनाएका छन् ।

एमालेका एकजना केन्द्रिय सदस्य समेत रहेका पूर्व मुख्यमन्त्री सरोज कुमार यादवले केन्द्रिय स्तरमा हुने निर्णय नै मधेश प्रदेशमापनि लागु हुने बताएका छन् ।'प्रदेश सरकारको लागि केन्द्रबाटै गठबन्धन बनाइएको छ ' उनले भने, केन्द्रले गठबन्धनबाट अलग हुने निर्णय गरे मधेश प्रदेशमापनि त्यो लागु हुनेछ ।

## मधेश प्रदेश सभाको बजेट पारित

**टुडे समाचारदाता**

जनकपुरधाम । गत दुई सातोखि जारी राजनीतिका विवाद अन्त्यपछि अन्ततः कार्यदलको सुझावपछि मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ लागि प्रस्तुत गरेको बजेट सर्वसम्मतिले प्रदेश सभाबाट पारित भएको छ ।



बजेटमा समावेश योजना छनोट, विनियोजन प्रक्रिया तथा केही शीर्षकमा देखिएका त्रुटिलाई लिएर प्रतिपक्षी दलहरूले असार १४ गते देखि नै असन्तुष्टि जनाउँदै प्रदेश सभा बैठक अवरुद्ध गर्दै आएका थिए ।

प्रतिपक्षीको विरोधका कारण बजेट पारित प्रक्रिया प्रभावित बनेपछि प्रदेश सभाले विवाद समाधानका लागि सात सदस्यीय विशेष कार्यदल गठन गरेको थियो। कार्यदलले बजेटका कमजोरी सुधार तथा योजना वितरणलाई थप व्यवस्थित बनाउन १० बुँदे सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो ।

उक्त प्रतिवेदनका अधिकांश सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता सरकारले जनाएपछि सत्ता पक्ष र विपक्षी दलबीच विकास निर्माण, सेवा प्रवाह तथा अन्य कार्यक्रम कार्यान्वयनको बाटो खुलेको छ ।

यसअघि बजेटमा देखिएका त्रुटि, योजना वितरणमा असन्तुलन तथा विनियोजन प्रक्रियामा पारदर्शिताको विषयलाई लिएर प्रदेश सभाभित्र चर्को बहस भएको थियो । कार्यदलको प्रतिवेदनपछि राजनीतिक सहमति सहमति जुटेको हो। मधेश सरकारको तर्फबाट अर्थमन्त्री युवराज भट्टराईले गत १ असारमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाखको बजेट पेश गरेका थिए।

> कार्यदलले आ.व. २०८३/०८४ को कार्यक्रम पुस्तिकामा मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार निर्माण सम्बन्धी योजनाहरु मन्त्रालयको जिल्लागत रुपमा रहेका इकाई/कार्यालय मार्फत कार्यान्वयन गर्ने, त विनियोजित रकम १ करोड भन्दा कम रकम रहेको पुँजीगत तर्फ पूर्वाधार निर्माणका कार्यक्रमहरु क्रमागत, म्याचिगं फण्ड तथा छुट भुक्तानी बाहेकका रद्द गर्ने, सरकारको वार्षिक कार्यक्रममा रहेका हालसम्मका योजनाहरुमा स्रोत सुनिश्चितता गरी बहुवर्षीय योजनाहरुको नियमन र नियन्त्रण गर्ने सुझाव दिएको छ ।

बुधबार बसेको प्रदेश सभा बैठकमा आवश्यक संशोधनसहित बजेट प्रस्तुत गरिएको थियो। त्यसपछि सभाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सर्वसम्मतिले पारित गरेको सभामुखले घोषणा गरेका छन् । बजेट पारित भएसँगै लामो समयदेखि अन्योलमा रहेको प्रदेशको बजेट प्रक्रिया टुंगिएको छ ।

अब सरकारले स्वीकृत बजेटअनुसार जुट्दै बजेट सर्वसम्मतिले पारित हुन सफल भएको हो ।


बजेट पारित भएपनि कार्यदलको सुझाव अनुसार संशोधन गरेर ल्याइएन भने प्रतिपक्षी दलहरुले अवरोध जारी राख्ने प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद एवं कार्यदलका सदस्य उपेन्द्र महतोले जनाएको छ ।

सो कार्यदलले आ.व. २०८३/०८४ को कार्यक्रम पुस्तिकामा मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार निर्माण सम्बन्धी योजनाहरू मन्त्रालयको जिल्लागत रूपमा रहेका इकाई/कार्यालय मार्फत कार्यान्वयन गर्ने, त विनियोजित रकम १ करोड भन्दा कम रकम रहेको पुँजीगत तर्फ पूर्वाधार निर्माणका कार्यक्रमहरू क्रमागत, म्याचिगं फण्ड तथा छुट भुक्तानी बाहेकका रद्द गर्ने,  सरकारको वार्षिक कार्यक्रममा रहेका हालसम्मका योजनाहरूमा स्रोत सुनिश्चितता गरी बहुवर्षीय योजनाहरूको नियमन र नियन्त्रण गर्ने सुझाव दिएको छ ।

स्थानीय तहलाई दिने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विशेष अनुदानमा पोषणयुक्त आहार वितरण/पोषण सामग्री हस्तान्तरण र रेट्रो रिफलेक्टिव ट्राफिक साइनबोर्ड जस्ता कार्यक्रम स्थगित गर्ने, स्थानीय तहमा जाने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गतको समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान र समपूरक अनुदान बाहेक स्थानीय तहमा कुनै कार्यक्रमको लागि दिइएको अन्य कुनै वित्तीय हस्तान्तरण आ.व. २०८३/०८४ को कार्यक्रम रद्द गर्ने भनिएको छ ।

यस्तै आ.व. २०८३/०८४ को कार्यक्रम पुस्तिकामा रहेका एक निर्वाचन क्षेत्र एक सडक, एक निर्वाचन क्षेत्र एक पुल, प्रादेशिक नमुना विद्यालय, मधेश कृषि विश्वविद्यालय राजविराज, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर र मधेश विश्वविद्यालय वीरगञ्जमा अधिकतम रकम विनियोजन गर्ने, सिराहा धनुषा जोड्ने कमला पुल निर्माणलाई प्राथमिकतामा राखी आवश्यक बजेटको व्यवस्था गर्ने, सम्झौता भई कार्यसम्पन्न भई छुट भुक्तानीमा रहेका योजनाहरूको भुक्तानीको व्यवस्था गर्ने र स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने बाँकी रहेको राजस्व सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय गरेर बुझाउने प्रतिबद्धता गरेमा बढीमा ५ किस्तामा बुझाउने सहुलियत दिइने सुझाव दिइएको छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मन्दिरको व्यवस्थापन गर

धार्मिक र सांस्कृतिक धरोहरको भण्डार जनकपुरधाममा रहेका मठमन्दिरहरुको संरक्षण गर्न आवश्यक भएको छ।मठमन्दिरहरुलाई व्यवस्थित गर्न आवश्यक छ ।कुनै अभियान चलाएर मठमन्दिरलाई स्वच्छ र सफा बनाउने नाममा खाली गराउने, पसलहरु हटाउने गरिन्छ ।तर त्यो केहि हप्ता भित्रै असफल हुन्छ ।जनकपुरधाममा रहेका ऐतिहासिक मठमन्दिरहरुको संरक्षणका लागि व्यवस्थापन आवश्यक छ ।मठमन्दिरहरुको समुचित व्यवस्थापन नभएकै कारण पटक पटक एउटै समस्या दोहरिने गर्छ ।जानकी मन्दिर देखि दक्षिण सुनचाँदी बजार तर्फ जाने बाटोमा रहेको इनार , जानकी मन्दिरदेखि जनकचोक सम्म जाने सडकमा रहेको इनार लगायतका सम्पदाहरु समाप्त भइसकेको छ।हरेक इनार र सरोवरको विशिष्ट महत्व रहेको छ।तर अहिले ती सम्पदाहरु लुप्त भइसकेको छ ।मठमन्दिर भित्रपनि प्रशस्तै महँगा आभुषण लगायतका सम्पत्तिहरु रहेका थिए ।ती सम्पत्तिहरुको खोजी गर्नुपनि आवश्यक छ ।कतिपय मन्दिरको तत्कालिन सञ्चालकको मृत्यु भएपछि वाह्य व्यक्तिहरुले झुठा नाता कायमगरि सम्पत्ति हडपेका छन् ।बैंकमा रहेका मौज्दात र मन्दिर भित्र रहेका सुनचाँदी, हिराजवाहारात लिएका छन् ।जानकी मन्दिरकै अर्बौको सम्पत्ति गुठी संस्थानले लगेको वर्षौ भइसक्यो ,हाल सम्म फिर्ता आएको छैन् ।जानकी मन्दिर परिसरमा रहेको पसलहरु खाली गराइएको छ ।त्यसको बिरोधमा बिबाहमण्डप र म्युजियममा ताला लगाइएको छ ।यो सबै समस्याको प्रमुख कारण ठोस व्यवस्थापन नहुनु नै हो ।विगतमा जानकी मन्दिर जिर्णोद्धार समिति बनेको थियो ।त्यसपछि बृहत्तर जनकपुर क्षेत्र विकास समिति गठन भयो ।जानकी मन्दिर जिर्णोद्धार समिति समाप्त भइसकेको छ ।बृहत्तरपनि अस्तित्वको संकटमा परेको छ ।सरकारले त्यसलाई बिघटनगरि प्रदेश सरकारको जिम्मा अथवा स्थानीय तहको जिम्मामा दिनु पर्छ ।मन्दिर व्यवस्थापनका लागि मठमन्दिरका महन्थ, सञ्चालकहरुलाई विश्वासमा लिएर समिति बनाउनु पर्छ ।प्रदेश सरकारलेपनि कानुन बनाएर त्यसलाई व्यवस्थापन गर्न सक्छ ।संघीय सरकार मातहत रहेको गुठी संस्थानको प्रदेश गत रुपमा रहेको संरचना र सम्पदा प्रदेश सरकार मातहत दिनु पर्छ ।संघीय सरकारले भन्दा मठमन्दिरहरुको व्यवस्थापन प्रदेश सरकारबाट प्रभावकारी हुन सक्छ।मन्दिरको समुचित व्यवस्थापन नगरिए सम्म संरक्षण अथवा सौन्दर्यीकरणका लागि हुने प्रयासहरु सार्थक हुन सक्दैन् ।सरकार अथवा अन्य निकायहरुले मठमन्दिरलाई सफा र सुन्दर बनाउने प्रयासगर्दा त्यो टिकाउ हुन सकिरहेको छैन् ।त्यसका लागि ठोस कानुन बनाउन आवश्यक छ ।कानुन बनाएर व्यवस्थापनको कार्य भए त्यो प्रभावकारी र दीर्घकालिन हुन सक्छ ।जनकपुरधामका मठमन्दिर, पोखरी, तलाउ, सरोवरहरुको संरक्षणका लागि तीन तहका सरकारको संयुक्त प्रयास आवश्यक छ ।त्यसमा महत्वपूर्ण भूमिका संघीय सरकारले निर्वाह गर्नुपर्छ ।

### प्रेम आचार्यदेखि गणेश नेपालीसम्म

# राज्य, नागरिक र लोकतन्त्रको बढ्दो दूरी



श्यामप्रसाद मैनाली

कुनै पनि सभ्य राष्ट्रको पहिचान त्यहाँका अग्ला भवन, फराकिला सडक वा आर्थिक वृद्धिदरले मात्र हुँदैन। राज्यको वास्तविक उचाइ त्यतिबेला मापन हुन्छ जब त्यहाँका सबैभन्दा कमजोर, गरिब र असहाय नागरिकले सुरक्षित, सम्मानित र न्यायपूर्ण व्यवहारको अनुभूति गर्न पाउँछन्। लोकतन्त्रको सार पनि यही हो ।

राज्य नागरिकका लागि हो र सरकार नागरिकको अभिभावक हो । नागरिकले आफ्नै देशमा श्रम गरेर सम्मानपूर्वक बाँच्ने विश्वास गुमाउन थाल्छ भने त्यो लोकतन्त्रका लागि सबैभन्दा गम्भीर चेतावनी हो । यसले राज्यप्रतिको विश्वास कमजोर हुँदैगएको संकेत पनि गर्छ ।

नेपालमा पछिल्ला केही वर्षमा भएका घटनाले यही प्रश्नलाई अझ गम्भीर बनाएका छन् । इलामका प्रेम आचार्यदेखि मुगुका गणेश नेपालीसम्मका आत्मदाहका घटना र अन्य आत्मदाहका प्रयासले व्यक्तिगत पीडाको कथामात्र उजागर गरेका छैनन् राज्य, समाज र शासन व्यवस्थाको संवेदनशीलतामाथि पनि गम्भीर प्रश्न उठाएका छन् ।

जब एउटै प्रकृतिका घटना बारम्बार दोहोरिन थाल्छन् तिनलाई व्यक्तिगत असफलता वा मानसिक तनावको परिणाम भनेर टार्न मिल्दैन । यस्ता घटनाले समाजभित्र गहिरिँदै गएको संरचनागत समस्याको संकेत गर्छन् । यसले राज्य व्यवस्था, संस्थागत संयन्त्र र कानुनी प्रणालीमा सुधार आवश्यक रहेको सन्देश पनि दिन्छ ।

प्रेम आचार्यको पीडा एउटा इमानदार व्यवसायीको पीडा थियो । वर्षौंसम्म आफ्नो श्रमको मूल्य नपाउनु, उत्पादनको भुक्तानी समयमा प्राप्त गर्न नसक्नु र कानुनी बाटोबाट न्याय खोज्दा पनि निराश हुनुपर्ने अवस्था समाजले देख्यो । जब श्रमको उचित प्रतिफल प्राप्त हुँदैन र न्याय ढिलो वा प्रभावहीन हुन्छ तब निराशाले नागरिकको आत्मबल क्षीण बनाउँदै लैजान्छ ।

गणेश नेपालीको जीवन पनि एउटा साधारण नेपालीको संघर्षको प्रतिनिधि कथा हो । बिहानदेखि बेलुकासम्म श्रम गरेर पनि परिवार पाल्न धौधौ पर्ने अवस्था, मोटरसाइकलको किस्ता तिर्न र दुई छाक खानाको जोहोमै जीवन बिताउनुपर्ने बाध्यता तथा अन्ततः भविष्यको खोजीमा विदेश जाने तयारी यी सबै हजारौँ नेपाली युवाको साझा यथार्थ हुन् । यस्ता घटनाले नेपालमा श्रमको सम्मान, उचित आम्दानी र सामाजिक सुरक्षाको प्रत्याभूति अझै कमजोर रहेको अनुभूति गराउँछन् ।

लोकतान्त्रिक व्यवस्थामा सरकारको पहिलो दायित्व नागरिकको जीवन, सम्मान र अवसरको रक्षा गर्नु हो । सरकार शासन सञ्चालन गर्ने यन्त्रमात्र होइन नागरिकको आशा र भरोसाको केन्द्र पनि हो । कुनै पनि नागरिकले आफू अन्यायमा परेको अनुभव गर्दा राज्यसँग न्याय खोज्न सक्नुपर्छ । तर राज्यबाट न्यायको अपेक्षा नै हराउन थाल्यो भने त्यो लोकतन्त्रका लागि सबैभन्दा ठूलो नैतिक संकट पनि हो ।

नेपालमा नयाँ पुस्ताको नेतृत्वप्रति नागरिकले ठूलो आशा व्यक्त गरेका थिए । पुराना राजनीतिक दलप्रतिको असन्तुष्टिका कारण मतदाताले नयाँ अनुहारलाई संसद् र सरकारमा पुऱ्याए। त्यो परिवर्तन संयोग थिएन, जनअपेक्षाको अभिव्यक्ति थियो ।

नागरिकले नयाँ पुस्ताबाट नयाँ सोच, नयाँ कार्यशैली र परिणाममुखी शासनको अपेक्षा गरेका थिए । तर जोसले मात्र राज्य सञ्चालन सम्भव हुँदैन । त्यसका लागि अनुभव, संस्थागत प्रणाली, कानुनी प्रक्रिया, प्रशासनिक दक्षता, संवादको संस्कृति र कूटनीतिक परिपक्वता पनि उत्तिकै आवश्यक हुन्छ ।

नेपालमा नयाँ नेतृत्वप्रति बढेको आशासँगै अपेक्षा पनि स्वाभाविकरूपमा चुलिएको थियो। तर जब देशमा विद्यार्थीहरू असन्तुष्ट देखिन थाल्छन्, युवाको पलायन बढ्छ, कूटनीतिक सम्बन्धमा असहजता देखापर्छ, नागरिक समाज र बौद्धिक वर्गबाट निरन्तर प्रश्न उठ्न थाल्छन् तब सरकारका कामकारबाही स्वाभाविकरूपमा समीक्षाको घेरामा पर्छन् ।

सार्वजनिक पदमा रहेका व्यक्तिका अभिव्यक्ति र व्यवहार पनि लोकतान्त्रिक संस्कृतिअनुरूप हुनुपर्छ । सरकारका जिम्मेवार व्यक्तिहरूबीच फरक फरक सन्देश जाने, सरकारी संयन्त्रमा अन्योल बढ्ने वा स्वतन्त्र संवैधानिक निकायहरूले सरकारका कामकारबाहीमाथि प्रश्न उठाउने अवस्था दोहोरिनु राम्रो सङ्केत होइन ।

यस्तै वातावरणमा उद्योगी व्यापारी लगानीप्रति निरुत्साहित हुन्छन्, निजी क्षेत्रको आत्मविश्वास कमजोर बन्छ र बहुमतको आडमा लोकतान्त्रिक मूल्यमान्यतामाथि प्रहार भएको अनुभूति हुन थाल्छ। छिमेकी राष्ट्रसँगको सम्बन्धमा पनि सन्तुलन र विश्वास कायम राख्नु राज्यको दायित्व हो । यस्ता क्षेत्रमा कमजोरी देखिँदा सरकारमात्र नभएर लोकतान्त्रिक शासन प्रणालीप्रतिको जनविश्वाससमेत प्रभावित हुन्छ ।

आज पनि धेरै नागरिकले सरकारी कार्यालयमा सम्मानभन्दा अपमान बढी महसुस गर्ने गरेको गुनासो गर्छन् । सेवाग्राहीलाई सहयोग गर्नुको सट्टा झन्झटका रूपमा हेर्ने प्रवृत्ति, अनावश्यक ढिलासुस्ती, पहुँचका आधारमा हुने विभेद र अपमानजनक व्यवहारले नागरिकको आत्मसम्मानमा चोट पुऱ्याएको छ । लोकतन्त्रमा नागरिक राज्यको मालिक हो भन्ने सिद्धान्त व्यवहारमा अझै पूर्ण रूपमा स्थापित हुन सकेको छैन ।

अर्कोतर्फ वैदेशिक रोजगारी नेपाली युवाको रोजाइभन्दा बढी बाध्यता बन्दै गएको छ । हरेक दिन सयौँ युवाले परिवार, गाउँ र देश छाडिरहेका छन् । उनीहरू राम्रो अवसरको खोजीमा मात्र होइन आफ्नै देशमा सम्मानपूर्वक जीवनयापन गर्न कठिन भएको अनुभूतिका कारण पनि विदेशिन बाध्य छन् । स्वदेशमै श्रम, उद्यम र व्यवसायका लागि सुरक्षित तथा विश्वसनीय वातावरण निर्माण हुन सकेन भने यो पलायन रोकिने सम्भावना न्यून रहनेछ ।

यस्तो अवस्थामा आत्मदाह वा आत्महत्याजस्ता घटनालाई व्यक्तिगत निर्णयका रूपमा हेर्न मिल्दैन। यिनले समाजका सामूहिक चिन्ता र राज्यका संस्थागत कमजोरीतर्फ पनि सङ्केत गर्छन् । एउटा नागरिक यस्तो निर्णयमा पुग्नुअघि उसले भोगेका पीडा, अपमान र निराशाले राज्यलाई आत्मसमीक्षा गर्न बाध्य बनाउनुपर्छ । त्यसैले यस्ता घटनाको मूल कारण पहिचान गरी समाधान खोज्नु सरकार, समाज, परिवार र सम्बन्धित सबै निकायको साझा दायित्व हो ।

लोकतन्त्रको सुन्दर पक्ष नागरिकले आफ्ना शासक आफैँ छान्न पाउनु हो । तर प्रतिनिधि निर्वाचित भएपछि पनि नागरिक बारम्बार सडकमा उत्रिन बाध्य हुन्छन् भने त्यसले शासन प्रणालीमा सुधारको आवश्यकता देखाउँछ । सडक आन्दोलन लोकतान्त्रिक अधिकार अवश्य हो,तर राज्य र नागरिकबीचको संवादको नियमित माध्यम बन्नु हुँदैन । असन्तुष्टि संस्थागतरूपमा सम्बोधन हुन नसक्दा अन्ततः लोकतान्त्रिक प्रणाली नै कमजोर बन्छ ।

नेपालमा राजनीतिक अस्थिरता पनि नागरिकको निराशाको एउटा प्रमुख कारण बनेको छ । सरकार परिवर्तनको निरन्तर शृङ्खला, अधुरा नीति, आधाअधुरा सुधार र दीर्घकालीन सोचको अभावले राज्यका संस्थाप्रतिको विश्वास कमजोर बनाएको छ । बारम्बार सरकार फेरिँदा नीतिगत निरन्तरता खल्बलिन्छ, विकासका कार्यक्रम प्रभावित हुन्छन् र प्रशासनिक संयन्त्र पनि अन्योलमा पर्छ । त्यसको प्रत्यक्ष असर नागरिकले सेवा प्रवाहमै भोग्नुपर्छ ।

राज्यले सबैभन्दा पहिले न्याय प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । कुनै व्यवसायीले वर्षौँसम्म आफ्नो भुक्तानी नपाउने अवस्था अन्त्य हुनुपर्छ । श्रमिकले आफ्नो पसिनाको मूल्य समयमै पाउनुपर्छ । उद्यमीले लगानीको सुरक्षा महसुस गर्नुपर्छ र सामान्य नागरिकले सरकारी कार्यालयमा सम्मानजनक व्यवहार पाउनुपर्छ । यी कुनै विशेष सुविधा होइनन् । यी त लोकतान्त्रिक राज्यका आधारभूत दायित्व हुन् ।

त्यसैगरी सामाजिक सुरक्षा प्रणालीलाई पनि थप प्रभावकारी बनाउन आवश्यक छ । बेरोजगारी, गरिबी, आकस्मिक आर्थिक सङ्कट वा मानसिक तनावमा परेका नागरिकलाई समयमै सहयोग गर्ने संयन्त्र बलियो हुनुपर्छ । स्थानीय, प्रदेश र संघीय सरकारले नागरिकका समस्या प्रारम्भिक चरणमै सम्बोधन गर्न सके धेरै दुःखद घटना रोक्न सकिन्छ ।

राजनीतिक नेतृत्वले आफ्नो भाषा र व्यवहारमा पनि संयम अपनाउनुपर्छ । जनताले अब आश्वासन होइन, परिणाम खोजिरहेका छन् । सत्ता प्राप्ति लोकतन्त्रको अन्तिम लक्ष्य होइन । जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु नै यसको उद्देश्य हो । नेतृत्वले आलोचनालाई शत्रुताका रूपमा होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्नुपर्छ ।

नेपालको प्रशासनिक संयन्त्र पनि नागरिकमैत्री बन्न आवश्यक छ । सेवा लिन आउने प्रत्येक नागरिकलाई सम्मानपूर्वक व्यवहार गर्ने संस्कृतिको विकास नगरी लोकतन्त्रको अनुभूति दिलाउन सकिँदैन । 'कानुनभन्दा माथि कोही छैन' भन्ने सिद्धान्त व्यवहारमै स्थापित हुनुपर्छ । पहुँच, शक्ति वा आर्थिक हैसियतका आधारमा हुने विभेदले लोकतन्त्रको आत्मालाई कमजोर बनाउँछ ।

यतिखेर नेपाली समाज एउटा संवेदनशील मोडमा उभिएको छ । एकातिर युवामा ऊर्जा, परिवर्तनको चाहना र नयाँ सम्भावना छन् भने अर्कोतिर निराशा, पलायन, आर्थिक असुरक्षा र राजनीतिक अविश्वास पनि बढिरहेका छन् । देश कुन दिशामा अघि बढ्छ भन्ने राज्यको नीति, नेतृत्वको दूरदृष्टि र संस्थागत सुधारमा निर्भर हुनेछ ।

सरकारले समयमै नागरिकका गुनासा सुन्ने, न्याय दिने, रोजगारी सिर्जना गर्ने, उद्यमको संरक्षण गर्ने र सार्वजनिक सेवामा सम्मानजनक व्यवहार सुनिश्चित गर्न सकेन भने प्रेम आचार्य वा गणेश नेपालीजस्ता घटना इतिहासका दुःखद प्रसङ्गमा सीमित रहने छैनन् । तिनले समाजमा थप निराशा र असन्तोष जन्माउने जोखिम रहिरहनेछ । त्यसैले यस्ता घटनालाई समाचारका रूपमा होइन शासन सुधारका लागि गम्भीर चेतावनीका रूपमा ग्रहण गर्नु आवश्यक देखिन्छ ।

निष्कर्ष

प्रेम आचार्यदेखि गणेश नेपालीसम्मका घटनाले एउटा साझा प्रश्न उठाएका छन् – के नेपालमा इमानदारीसाथ श्रम, सानो व्यवसाय वा सामान्य रोजगारी गरेर सम्मानपूर्वक बाँच्न सकिन्छ ? यसको उत्तर भाषण, आश्वासन वा राजनीतिक बहसले दिन सक्दैन । यसको उत्तर राज्यको व्यवहार, न्याय प्रणालीको प्रभावकारिता, प्रशासनको संवेदनशीलता र सरकारको उत्तरदायित्वले दिनुपर्छ ।

लोकतन्त्रको सफलता चुनाव जित्नुमा होइन नागरिकको विश्वास जित्नुमा हुन्छ । नागरिकले आफ्नै देशमा सुरक्षित, सम्मानित र आशावादी भएर जीवन बिताउन सक्ने वातावरण निर्माण गर्नु लोकतान्त्रिक राज्यको सर्वोच्च दायित्व हो । त्यो दायित्व पूरा गर्न सकिएन भने लोकतन्त्रको बाह्य संरचना बाँकी रहला तर यसको आत्मा विस्तारै क्षीण हुँदै जानेछ ।

त्यसैले अब राज्यले नागरिकलाई मतदातामात्रका रूपमा होइन अधिकारसम्पन्न नागरिकका रूपमा हेर्न सिक्नुपर्छ । श्रमलाई सम्मान, न्यायलाई सहज पहुँच, उद्यमलाई संरक्षण र युवालाई भविष्यको भरोसा दिन सक्ने वातावरण निर्माण गर्नु नै लोकतन्त्रको वास्तविक सफलता हुनेछ ।

जेन-जी पुस्ताको ऊर्जा, परिवर्तनको चाहना र सुशासनप्रतिको प्रतिबद्धतामाथि नागरिकले ठूलो भरोसा गरेका थिए । त्यो भरोसालाई दीर्घकालीन संस्थागत सुधारमा रूपान्तरण गर्न सकिएमात्र परिवर्तनको अर्थ हुनेछ । व्यक्तिगत इच्छाशक्ति वा लोकप्रियताभन्दा बलियो संस्था, पारदर्शी शासन र उत्तरदायी प्रशासनले मात्र लोकतन्त्रलाई स्थायित्व दिन सक्छ ।

नयाँ नेतृत्वप्रति भ्रष्टाचारका सम्बन्धमा पुराना राजनीतिक शक्तिजस्तो व्यापक असन्तुष्टि नदेखिए पनि शासन सञ्चालनमा अनुभव, संस्थागत परिपक्वता र लोकतान्त्रिक संस्कृतिको अभ्यास अझै बलियो बनाउनुपर्ने आवश्यकता देखिएको छ । परिवर्तनको मापन नयाँ अनुहारबाट नभएर नयाँ कार्यसंस्कृतिबाट हुन्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित सरकार स्वयं लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध हुनुपर्छ । विधि, संस्थागत सन्तुलन र नागरिक अधिकारलाई बेवास्ता गऱ्यो भने लोकतन्त्रलाई कमजोर बनाउने काम तानाशाहीले मात्र होइन निर्वाचित सरकारले पनि गर्न सक्छ । त्यसैले सत्तामा रहनेहरूको पहिलो दायित्व आफ्नै कार्यशैलीलाई लोकतान्त्रिक मापदण्डअनुसार निरन्तर सुधार गर्नु हो । यही आजको सबैभन्दा ठूलो आवश्यकता पनि हो ।

(नेपाल सरकारका पूर्वसचिव)

# थाइल्यान्डमा प्रख्यात भिक्षु सुगन्ध



मनोज पौडेल

चिबर भेषमा कारागारमा मात्रै होइन, बेलायतको अक्सफोर्ड र अमेरिकाको सान्टा क्लारालगायत विश्वविद्यालयमा पढाउने भिक्षु सुगन्ध अर्थात् अनिलमान शाक्यले बेलायतकै ब्रुनेल विश्वविद्यालयबाट सोसल एन्थ्रोपोलोजीमा पीएचडी गरेका छन् । थाई राजाको छात्रवृत्तिमा पढेका उनी त्यहाँको भिक्षु संघको उच्च ओहदामा पुग्ने विरलै व्यक्तित्वमा गनिन्छन् ।

शान्ति, करुणा र मैत्रीका अनुयायी ६६ वर्षीय अनिलमान शाक्य बुद्ध धर्म, संघ र गुणका ज्ञाता मानिन्छन् । पहेँलो बस्त्र (चिबर) पहिरिएको देखेपछि सबैले भिक्षु मात्र भन्ठान्छन् । तर, उनको परिचय यतिमात्रै छैन । भिक्षु पहिरनमा पढाउने उनले विद्यावारिधि पूरा गरेका छन् । बेलायतको अक्सफोर्ड र अमेरिकाको सान्टा क्लारालगायत विश्वविद्यालयमा भिजिटिङ प्रोफेसरका रूपमा कार्यरत छन् ।

नेपालमा जन्मिए पनि थाइल्यान्डमा बसोबास रहेका उनी थेरबादी बुद्ध धर्मका कहलिएका लेखक, व्याख्याता र अन्वेषक हुन् । भिक्षु नाम सुगन्ध हो । उनी थाइल्यान्डमा फ्रा ब्रह्मा शाक्यवंश विशुद्धि शाही धार्मिक उपाधिबाट विभूषित छन् । थाइल्यान्डमा सम्मानित र प्रतिष्ठित भिक्षुका रूपमा चिनिन्छन् । १४ वर्षको उमेरमा श्रामनेर भिक्षु बनेका उनको जीवनमा थाइल्यान्ड जाने अवसर 'टर्निङ प्वाइन्ट' बन्यो । सुरुमा उनका दाजु डा. केशवमान शाक्य थाइल्यान्डका लागि छनोटमा परेका थिए । तर, केशवमानले एसएलसी बोर्ड टप गरेपछि छात्रवृत्तिमा भारत पढ्न जाने मौका पाए । त्यसपछि अनिलका लागि थाइल्यान्डको ढोका खुल्यो । लगनशील, जिज्ञासु र अध्ययनशील उनले सुरुमै थाई संघमा गएर काम गर्ने मौका पाए ।

त्यसक्रममा थाई संघ राजा/उपसंघ राजासित सामीप्य बढ्यो । विनयशील बनेर काम गर्दै जाँदा संघ राजाकै सहायक सचिव भएर काम गर्न थाले । त्यसपछि एकाएक उनको उचाइ बढ्यो । अहिले थेरबादी बुद्धिज्मका व्याख्याता छन् । संयुक्त राष्ट्र संघअन्तर्गत दिगो विकास थिंक ट्यांकका रूपमा काम गर्छन् । थाई संघको उच्च तहमा पुग्ने पहिलो विदेशी नागरिक हुन् । थाई संघका प्रमुख संघ राजा र उपसंघ राजापछि उनी तेस्रो वरीयतामा छन् । सन् १९७५ मा १५ वर्षको उमेरमा थाइल्यान्ड गएका उनी ५१ वर्षदेखि त्यहीँ छन् । ँकयगक ञ्यलप ाचिबनचबलअभ ष्ल त्जबर्षबिलमथाइल्यान्डको कारागारका कैदीबन्दीलाई समाजमा कसरी पुनर्स्थापना हुने भन्नेबारे शिक्षा दिँदै भिक्षु सुगन्ध ।

सन् १९७२ थाइल्यान्डका उपसंघ राजा यान संगर बंगलादेशमा बाढीले बौद्ध धर्मावलम्बीलाई पारेको असरबारे बुझ्न आएका थिए । त्यहाँबाट फर्किने क्रममा नेपाल भ्रमणमा आए । नेपालमा भिक्षु अमृतानन्दलाई भेटे । अनिलमानका अनुसार त्यसक्रममा उपसंघ राजाले अमृतानन्द भिक्षुसित 'बुद्ध जन्मे हुर्केको ठाउँमा बुद्ध धर्म, शिक्षा, देशनाको राम्रो अवस्था नभएको सुनेको र त्यसका लागि के सहयोग गर्न सक्छु ?' भनेर सोधे । भेटघाटका क्रममा उपसंघ राजाले 'थाइल्यान्ड नेपालप्रति कृतज्ञ रहेको र नेपाली हावापानी, माटोमा जन्मेका शान्तिका अनुयायी बुद्धको शिक्षाको अनुशरण गरेरै थाइल्यान्ड उन्नति प्रगति गर्ने मुलुकमा स्थापित भएको एवं बुद्ध धर्मको कृपा र नेपालको सदासयताले थाइल्यान्डको शिर विश्व मञ्चमा उँचो बन्दै गएको' बताए ।

'यस्तोमा केही सहयोग गर्न सक्छु कि !' भनेर भिक्षु अमृतानन्दसित थप सोधे । त्यसबेला भिक्षु अमृतानन्दले दुईवटा कुरा बताएको अनिलमानले यस संवाददातासँगको कुराकानीमा सुनाए । 'पहिलो, नेपालमा थाई धर्मदूत पठाएर बुद्ध शिक्षालाई गाउँबस्तीमा फैलाउन र अर्को केही नेपाली युवालाई थाइल्यान्डमा लगेर बुद्ध धर्म, शिक्षा र ज्ञान दिन आग्रह गरे,' उनले भने । उपसंघ राजाले दोस्रो माग तत्काल पूरा गर्ने प्रतिबद्धता जनाए भने पहिलो माग थाई संघमा लगेर राख्ने बताए ।



'त्यसपछि नेपालबाट थाइल्यान्ड जाने व्यक्तिका रूपमा म छनोटमा परेको हुँ,' अनिलमानले भने । नौ महिना नेपालमा तालिम लिएर अनिलसँगै तीन जना नेपाली थाइल्यान्ड गए । अनिललाई उपसंघ राजा यान संगरले आफैंसित राखे । उपसंघ राजा यान संगर थाई राजा भूमिवल अदुल्यादेजका राजगुरु थिए । अनिलसँगै गएका दुई जनामध्ये एक जना थाइल्यान्डमै विवाह गरेर बसे । अर्का व्यक्ति नेपाल फर्किए । टाठाबाठा र आज्ञाकारी अनिललाई गुरुले सधैं समीपमा राख्थे । विहारमा राजा, युवराज, युवराज्ञी, प्रधानमन्त्री र मन्त्री लगायत नियमित आई राख्थे । बारम्बार भेट हुँदा अनिल सबैको नजरमा परे ।

### अध्ययनमा अब्बल

विहारमै रहेको महामुकुट बुद्धिष्ट विश्वविद्यालयबाट अनिलमानले सन् १९८० मा स्नातक उत्तीर्ण गरे । त्यही वर्ष थाइल्यान्डका १९ औं सर्वोच्च धर्मगुरु स्व. फ्रा सोमडेट न्याना संभार उपसंपदा लिएर पूर्ण भिक्षु बने । त्यसपछि नेपाल फर्किने चाहना राख्दा गुरुले दिएनन् । 'मलाई आफ्नै विहारको असिस्टेन्ट सेक्रेटरी बनाइयो । त्यसले चौतर्फी सम्पर्क समन्वय बढ्यो,' अनिलमानले सुनाए । १० वर्ष त्यहीँ काम गरे । नेपालका प्रतिष्ठित भिक्षु सुदर्शनका अनिल चेला थिए । अनिललाई उनले पुरातत्त्व पढ्न उत्प्रेरित गरेका थिए । अध्ययनशील अनिललाई थाई राजगुरुले थप अध्ययनका लागि मुलुकबाहिर जाने अनुमति दिए । कोलम्बो प्लानअन्तर्गत पुरातत्त्व अध्ययनका लागि भारतको कलकत्तामा छात्रवृत्ति पाए । विश्वविद्यालय हेर्न गए । तर, भिक्षु बस्ने वातावरण राम्रो नभएको र विनय नियमअन्तर्गत उत्खनन गर्न नपाउने भएपछि पुरातत्त्व पढ्ने इच्छा साकार भएन ।

अमेरिकाका १० र बेलायतका ५ विश्वविद्यालयमा अध्ययनका लागि आवेदन दिएकामा सबैबाट सकारात्मक प्रत्युत्तर आयो । सुरुमा गुरुले जान नदिने भने । संझाइबुझाइ गरेर मनाएपछि गुरु छात्रवृत्ति दिन राजी भए । आफू पढ्न जान लागेकाले विहारको सचिवालयमा नरहने जानकारी राजप्रासादमा पठाए । 'तर, उताबाट नजान आदेश आएपछि चिन्ताले थलिएँ,' भिक्षु अनिलमानले भने, 'फेरी गुरुमार्फत राजदरबारमा अनुनयविनय गरेँ । त्यसपछि पढ्ने अनुमतिका लागि एउटा गुरु र अर्को आफ्नातर्फबाट दरबारमा निवेदन पठाएँ । दरबारबाट फोन गरेर सोधखोज भयो । यसरी राजा भूमिवल अदुल्यादेज पूर्ण छात्रवृत्ति दिन तयार भए ।'

विशेष गरी शाही छात्रवृत्तिमा राजाले नै बेलायतको क्याम्ब्रिज विश्वविद्यालयमा पठाए । विहार छाडेर क्याम्ब्रिजमा अध्ययन गरेर मास्टर्स अफ फिलोसोफी (एमफिल) उत्तीर्ण गरे । त्यसअघि थाइल्यान्डबाट नेपाल आई त्रिभुवन विश्वविद्यालयबाट एन्थ्रोपोलोजीमा स्नाकोत्तर पूरा गरिसकेका थिए । बेलायतकै ब्रुनेल विश्वविद्यालयबाट सोसल एन्थ्रोपोलोजीमा फीएचडी गरे । बौद्धिक व्यक्तृत्व, ज्ञान, सीप र क्षमताको फ्रोफाइल बनेपछि अनिलमानलाई अमेरिकाबाट पढाउन प्रस्ताव आयो । तर, राजाको गुन तिर्न सन् २००० मा थाइल्यान्ड नै फर्किए । विदेशमा सिकेको ज्ञान, शिक्षा र सीप प्रयोग गर्दै थाइल्यान्डमा शिक्षा दिन थाले । त्यसपछि उनको ख्याति अझ बढ्दै गयो ।

अहिले भिक्षु अनिमान शाक्य थाइल्यान्डकै प्रसिद्ध चुलालोङकोन र महिदोल विश्वविद्यालयमा पढाउँछन् । थाइल्यान्डकै महामुकुट र वर्ल्ड बुद्धिष्ट युनिभर्सिटीका सल्लाहकार हुन् । बुद्ध दर्शन र शिक्षा मात्र नभएर मानव शास्त्र, अर्थशास्त्र र कानुन लगायत विषयमा भिजिटिङ प्रोफेसर छन् । अमेरिकाको सान्टा क्लारा र क्यालिफोर्निया तथा बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा भिजिटिङ प्रोफेसरका रूपमा वर्षको दुई/चार पटक पढाउन पुग्छन् । एक वर्ष अमेरिका र अर्को वर्ष बेलायतमा स्नातकका विद्यार्थीलाई पढाउँछन् । थाइल्यान्डमै न्यायाधीशलाई बेलाबेला कक्षा लिन्छन् । थाइल्यान्डमा सरकारी कर्मचारी पढ्ने स्टाफ कलेजमा समेत उनी बेलाबेला पढाउन पुग्छन् । थाइल्यान्डमा निर्णायक तहमा काम गर्ने उच्च अधिकारीलाई शिक्षा दिन्छन् । अमेरिकाको सान्डियागोमा १ हजार ५ सय बिजनेस सीईओलाई कक्षा दिएका छन् । श्रीलंका र म्यानमारका विश्वविद्यालयमा थेसिस एक्जामिनेसनका लागि गइरहन्छन् ।

# गौरको बरहवा तालमा सेल्फी प्वाइन्ट उद्घाटन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको सदरमुकाम गौर नगरपालिका-५ स्थित ऐतिहासिक बरहवा तालमा निर्माण गरिएको आकर्षक सेल्फी प्वाइन्ट उद्घाटन गरिएको छ । पर्यटन विकास कार्यालय रौतहटको पहलमा निर्माण गरिएको उक्त संरचनाले गौरको पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ ।

बुधबार प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सेल्फी प्वाइन्टको औपचारिक उद्घाटन गरिएको हो। कार्यक्रममा सिडियो भुषाल संगै रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजाल, सशस्त्र प्रहरीका एसपी रामहरी अधिकारी, राष्ट्रिय अनुसन्धानका उप निर्देशक कुमार बुढाथोकी, पर्यटन कार्यालय गौरकी प्रमुख बबिता जयसवाल,स्थानीय जनप्रतिनिधि, सरकारी कर्मचारी, पर्यटनसँग सरोकार राख्ने व्यक्तित्व तथा स्थानीयवासीको उपस्थिति रहेको थियो।

पर्यटन विकास कार्यालय रौतहटकी प्रमुख जैसवालका अनुसार प्रदेश सरकारको भ्याटबाहेक ४ लाख २० हजार रुपैयाँ लागतमा सेल्फी प्वाइन्ट निर्माण गरिएको हो। उनका अनुसार बरहवा तालको ऐतिहासिक तथा प्राकृतिक महत्वलाई थप उजागर गर्दै आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यले यो संरचना निर्माण गरिएको हो ।




बरहवा ताल गौरको पहिचानसँग जोडिएको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको स्थल मानिन्छ। पछिल्लो समय तालको सौन्दर्यीकरणसँगै यहाँ घुम्न आउनेको संख्या बढ्दै गएको अवस्थामा सेल्फी प्वाइन्टले युवापुस्ता तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई थप आकर्षित गर्ने विश्वास गरिएको छ ।

स्थानीयवासीका अनुसार नेपाल-भारत सीमावर्ती क्षेत्र भएकाले भारतीय बजार बैरगनिया तथा आसपासबाट समेत ठूलो संख्यामा पर्यटक भित्र्याउने सम्भावना रहेको छ। उनीहरूका अनुसार सामाजिक सञ्जालमा तस्वीर र भिडियो साझा गर्ने प्रवृत्ति बढेसँगै यस्ता आकर्षक संरचनाले पर्यटकीय गन्तव्यको प्रचार-प्रसारमा सकारात्मक भूमिका खेल्नेछ ।

पर्यटन विकासको सम्भावना

पर्यटन क्षेत्रका जानकारहरूका अनुसार पूर्वाधार निर्माण मात्र पर्याप्त हुँदैन। बरहवा ताललाई दीर्घकालीन पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नियमित सरसफाइ, हरियाली संरक्षण, पर्याप्त प्रकाश व्यवस्था, सुरक्षाको प्रबन्ध, पार्किङ, विश्रामस्थल तथा मनोरञ्जनका थप पूर्वाधार निर्माण आवश्यक छ ।

सीमावर्ती जिल्ला भएकाले गौरमा भारतीय पर्यटक भित्र्याउने पर्याप्त सम्भावना रहेको छ। यदि स्थानीय, प्रदेश सरकार र पर्यटन कार्यालयले संयुक्त रूपमा योजनाबद्ध ढंगले प्रचार-प्रसार तथा पूर्वाधार विस्तार गर्न सके बरहवा ताल रौतहटकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन सक्ने देखिन्छ। सेल्फी प्वाइन्ट उद्घाटनलाई स्थानीयले गौरको पर्यटन विकासतर्फको सकारात्मक सुरुआतका रूपमा लिएका छन्। अब यसको प्रभावकारिता भने तालको समग्र व्यवस्थापन, संरक्षण र पर्यटनमैत्री वातावरण निर्माणमा निर्भर रहने देखिन्छ ।

# जाहेरी दर्ता नगरेकोमा कर्मचारीहरुको असन्तुष्टि

**टुडे समाचारदाता**



वीरगञ्ज । पर्सा जिल्लाको कालिकामाई गाउँपालिकाका कर्मचारीहरुले कम्प्युटर अपरेटर चन्दन कुमार चौरसियामाथि कार्यालयभित्रै भएको कुटपिट घटनामा एक सातासम्म पनि किटानी जाहेरी दर्ता नभएको भन्दै गम्भीर असन्तुष्टि जनाएका छन् ।

दोषीमाथि तत्काल कानुनी कारबाहीको माग गर्दै उनीहरूले आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरेका छन् । वीरगञ्जमा आयोजित पत्रकार सम्मेलनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारीले कालिकामाई गाउँपालिका-३ का वडाध्यक्ष सञ्जय कुमार पटेल, गाउँपालिका-२ निवासी राजनिश कुशवाहा तथा हिरालाल राउत कुर्मीविरुद्ध आपराधिक उपद्रव मुद्दामा किटानी जाहेरी दर्ता गराउन खोज्दा प्रहरीले हालसम्म दर्ता नगरेको आरोप लगाए।

उनका अनुसार घटना भएको भोलिपल्ट नै इलाका प्रहरी कार्यालय पोखरिया र जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दर्ताका लागि पुगे पनि प्रक्रिया अघि बढाइएको छैन। "इलाका प्रहरीले जिल्लामा जान भन्यो, जिल्लाले फेरि इलाकामै पठायो। पछि जाहेरी लिए पनि दर्ता गरिएन," उनले भने। उनले जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदीप राज पाठकलाई भेट्नसमेत नसकिएको गुनासो गरे ।

अधिकारीले घटनाको सिसिटिभी फुटेजमा कार्यालयभित्र कर्मचारीमाथि कुटपिट भएको स्पष्ट देखिए पनि प्रहरीले कुनै ठोस कदम नचालेको दाबी गरे। उनले घटनाका कारण कर्मचारीहरूको मनोबल खस्किएको, गाउँपालिकाको प्रशासनिक कामकाज प्रभावित भएको तथा सुशासनमा नकारात्मक असर परेको बताए ।

प्रशासन शाखा प्रमुख सरोज कुमार साहका अनुसार आन्दोलनअन्तर्गत असार ३१ गतेदेखि साउन १ गतेसम्म कर्मचारीहरूले कालोपट्टि बाँधेर बिहान ९ बजेदेखि १२ बजेसम्म मात्र कार्यालय सञ्चालन गर्नेछन्। साउन ४ र ५ गते जिल्ला प्रशासन कार्यालय पर्साअगाडि गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरूले धर्ना दिने कार्यक्रम तय गरिएको छ। माग सम्बोधन नभए साउन ६ गते गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालय बन्द गरी साँचो जिल्ला प्रशासन कार्यालयमा बुझाउने निर्णय गरिएको उनले जानकारी दिए ।

यसअघि पनि कर्मचारीहरूले पेनडाउन आन्दोलन गर्दै गाउँपालिकाको प्रशासनिक कामकाज ठप्प पारेका थिए। आन्दोलनका क्रममा दुई दिनसम्म विद्यालय र स्वास्थ्य संस्थासमेत बन्द गरिएपछि आलोचना बढेपछि ती सेवा पुनः सञ्चालन गरिएको थियो ।

पीडित कर्मचारी चन्दन कुमार चौरसियाले कार्यालय समयमै योजनाबद्ध रूपमा आफूमाथि आक्रमण भएको दाबी गर्दै घटनामा संलग्न सबैलाई कानुनी दायरामा ल्याउन, दोषीलाई कानुनबमोजिम कारबाही गर्न तथा सरकारी कर्मचारीको सुरक्षा सुनिश्चित गर्न माग गरेका छन् ।

यता, जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्र मल्लले कर्मचारी पक्षबाट आपराधिक उपद्रवसम्बन्धी जाहेरी प्राप्त भएको पुष्टि गर्दै घटनाबारे अनुसन्धान भइरहेको बताए ।

पत्रकार सम्मेलनमा गाउँपालिकाका कर्मचारी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको उपस्थिति रहेको थियो। त्यसअघि कर्मचारीहरूको टोलीले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई भेटेर जाहेरी दर्ता नभएको विषयमा ध्यानाकर्षण गराउँदै आवश्यक पहल गर्न आग्रह गरेको जनाएको छ ।

# ठूलो परिमाणमा स्याउ बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बल पर्साले वीरगञ्जमा सञ्चालन गरेको दुई छुट्टाछुट्टै कारबाहीमा भन्सार छली गरी ल्याइएका विभिन्न सामान तथा अवैध रूपमा भारततर्फ लैजान लागिएको ठूलो परिमाणको स्याउ बरामद गरेको छ ।




सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म मुख्यालय वीरगञ्जबाट खटिएको टोलीले विशेष सूचनाका आधारमा वीरगञ्ज महानगरपालिका-१६ फुलबारी टोलस्थित उषा अधिकारीको तीनतले पक्की घरमा खानतलासी गरेको थियो। सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारीको नेतृत्वमा खटिएको टोलीले वीरगञ्ज भन्सार कार्यालयका प्रतिनिधिसहित संयुक्त रूपमा खानतलासी गरेको हो ।

खानतलासीका क्रममा घरका ११ वटा कोठाबाट भारतबाट भन्सार छली गरी ल्याइएका २ हजार ८४८ मिटर टेबल पोस, १३ थान रेडिमेड टेबल पोस र ३५ प्याकेट एयर कन्डिसनर स्ट्यान्ड बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

बरामद सामानको अनुमानित मूल्य ३ लाख ५० हजार रुपैयाँ रहेको छ। बरामद सामग्री आवश्यक कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

त्यसैगरी, असार ३० गते राति करिब ९ बजे वीरगञ्ज महानगरपालिका-१६ भन्सार टोल क्षेत्रबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको ३३ कार्टुन अर्थात् ६२० किलोग्राम स्याउ सशस्त्र प्रहरीले बरामद गरेको छ ।

सीमा सुरक्षा गुल्म मुख्यालय वीरगञ्जबाट खटिएको गाडी मोबाइल टोलीले सीमा क्षेत्रमा निगरानी गर्ने क्रममा उक्त स्याउ फेला पारेको हो। बरामद स्याउको अनुमानित मूल्य ६३ हजार ५०० रुपैयाँ रहेको जनाइएको छ ।

बरामद स्याउलाई आवश्यक कारबाहीका लागि असार ३१ गते वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल नं. १३ गण मुख्यालय पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाका अनुसार सीमा क्षेत्रमा हुने भन्सार छली तथा अवैध ओसारपसार नियन्त्रणका लागि निगरानी र कारबाहीलाई थप प्रभावकारी बनाइएको छ ।

# ११४ विद्यार्थीको समकक्षता रद्द

**टुडे समाचारदाता**

काठमाण्डू । भारतका विभिन्न विश्वविद्यालयबाट डिग्री लिएका विद्यार्थीको समकक्षता त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले रद्द गरेको छ ।

बुधबार केन्द्रले सूचना जारी गरी ३५ दिनभित्र प्रमाण पेस गर्न भनेकाले उक्त सयम सकिएपछि रद्द गरिएको जनाएको छ ।

'समकक्षता पत्रहरू रद्द गर्ने प्रकृया बमोजिम ३५ दिने सूचना गोरखापत्र दैनिकमा प्रकाशित गरिएकोमा सो ३५ दिन पनि व्यतित भइसकेकोमा सूचनामा उल्लेखित व्यक्तिले पेस गरेका कागजातबाट समकक्षता रद्द गर्नु नपर्ने आधार नभएकाले तपसिलमा उल्लेखित व्यक्तिहरुको नाममा जारी भएका समकक्षता पत्रहरू त्रिभुवन विश्वविद्यालय उपाधि मान्यता तथा समकक्षता सम्बन्धी विनियम २०८२ को विनियम २१ बमोजिम रद्द गरिएको जानकारी गराइन्छ,' सूचनामा उल्लेख छ ।

भारत मेघालयको सीएमजे विश्वविद्यलयबाट डिग्री लिएका १३ जना, भारतस्थित मणिपुर राज्यको सङ्गाई इन्टरनेसनल युनिभर्सिटीबाट डिग्री लिएका ९८ जना, भारत झारखण्डको प्रज्ञान इन्टरनेसनल विश्वविद्यालयको एक जना र टेक्नो ग्लोबल विश्वविद्यालयका दुई जनाको रद्द गरिएको केन्द्रले जनाएका छन् ।

भारतको सरकारी निकायले विश्वविद्यालयका शैक्षिक योग्यतालाई अवैधानिक भनेपछि त्रिविले आफूले दिएको समकक्षताबारे छानबिन गर्न समिति बनाएको थियो । कतिपय विद्यार्थी सम्पर्कमा पनि आएका थिए । तर, केन्द्रले समकक्षता रद्द गरेको हो ।


## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी ३० तिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा बटेश्वर वडा नं.९ हाल बटेश्वर गाउँपालिका वडा नं.२ मा बस्ने लक्ष्मण महतोको नाति महेश्वर महतोको छोरा मनोज कुमार महतो-१ वादी र जिल्ला धनुषा गा.वि.स. कुसुम विछौना वडा नं.१ हाल मिथिला न.पा.वडा नं.८ मा बस्ने बुधन महतो कोइरी-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८४ डा.मि. २०८३/०१/१६ गतेको भगुवा मोही लगत कट्टा मुद्दामा विपक्षी / प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद वेपते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१६ गतेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशा बमोजिम तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३० (तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतःफिरादी मनोज कुमार महतोको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाको विपक्षी मोही बुधन महतो कोइरी वा निजको हकदारहरुको अपतोपतो नरहेकोले मोही लगत कट्टा गरि पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज विपक्षी भगुवा मोही बुधन महतो कोइरी नाउँको म्याद सरहको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० (तिस) दिन भित्र आफ्नो लिखित जवाफ प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गा अगुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वेंगाडावर | १ग | ४४५ | ०-२-४-८ | बुधन महतो कोइरी |

## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी ३० (तिस) दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा बटेश्वर वडा नं.९ हाल बटेश्वर गाउँपालिका वडा नं.२ मा बस्ने लक्ष्मण महतोको नाति महेश्वर महतोको छोरा मनोज कुमार महतो-१ वादी र जिल्ला धनुषा गा.वि.स. कुसुम विछौना वडा नं.१ हाल मिथिला न.पा.वडा नं.८ मा बस्ने सन वहादुर घिसिङ्ग तमाङ्गनी-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८५ 'डा. मि. २०८३/०९/१६ गतेको भगुवा मोही लगत कट्टा मुद्दामा विपक्षी / प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद वेपत्ते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१६ गतेमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशा बमोजिम तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३० तिस दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः फिरादी मनोज कुमार महतोको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाको विपक्षी मोही वाला वा निजको हकदारहरुको अपतोपतो नरहेकोले मोही लगत कट्टा गरि पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज विपक्षी भगुवा मोही सन बहादुर घिसिङ्ग नाउँको म्याद सरहको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० (तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गा भगुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिसः दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर |
|---|---|---|---|---|---|---|
| १ | धनुषा | वेंगाडावर | १ग | ४५१ | ०-१-१७-० | सन बहादुर घिसिङ्ग तमाङ्गनी |

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी ३० (तिस) दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा बटेश्वर वडा नं.९ हाल बटेश्वर गाउँपालिका वडा नं.२ मा बस्ने लक्ष्मण महतोको नाति महेश्वर महतोको छोरा मनोज कुमार महतो-१ वादी र जिल्ला धनुषा गा.वि.स. कुसुम विछौना वडा नं.१ हाल मिथिला न.पा.वडा नं.८ मा बस्ने माया बौजन तमाङ्गनी-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८२ डा. मि. २०८३/०१/१६ गतेको भगुवा मोही लगत कट्टा मुद्दामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद वेपते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१६ गतेमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु अनि भएको आदेशा बमोजिम तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३० तिसः दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतःफिरादी मनोज कुमार महतोको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाको विपक्षी मोही माया बौजन तमाङ्गनी वा निजको हकदारहरुको अपतोपतो नरहेकोले मोही लगत कट्टा गरि पाउँ भनि दावी बेहोराको नालिश दिएको हुँदा निज विपक्षी भगुवा मोही माया बौजन तमाङ्ङ्गनी नाउँको म्याद सरहको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० (तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गा अगुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० (तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वेंगाडावर | १ग | १११ | ०-४-१०-० | माया बौजन तमाङ्ङ्गनी |

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

### म्याद तामेली सम्बन्धी ३० (तिस) दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा बटेश्वर वडा नं.९ हाल बटेश्वर गाउँपालिका वडा नं.२ मा बस्ने लक्ष्मण महतोको नाति महेश्वर महतोको छोरा मनोज कुमार महतो-१ वादी र जिल्ला धनुषा गा.वि.स. कुसुम विछौना वडा नं.१ हाल मिथिला न.पा. वडा नं.८ मा बस्ने राजलाल मोक्तान-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८३ डा. मि. २०८३/०१/१६ गतेको भगुवा मोही लगत कट्टा मुद्दामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद वेपत्ते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१६ गतेमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशा बमोजिम तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३० तिस दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः फिरादी मनोज कुमार महतोको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाको विपक्षी मोही राजलाल मोक्तान वा निजको हकदारहरुको अपतोपतो नरहेकोले मोही लगत कट्टा गरि पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज विपक्षी भगुवा मोही राजलाल मोक्तान नाउँको म्याद सरहको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ / प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गा भगुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वेंगाडावर | १ग | ४४९ | ०-१-९-० | राजलाल मोक्तान |

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०३/३२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : सावित्री देवी चौधरी**<br>पतिको नाम : भाग नारायण चौधरी थारु, ससुराको नाम : बिलट चौधरी थारु<br>ठेगाना : लालबन्दी - ५,सर्लाही<br>ना.प्र.प.नं. : ३८७४०२७४, जि.प्र.का. सर्लाही, जारी मिति : २०५७/०३/१६<br>**शाखा कार्यालय : लालबन्दी** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : भाग नारायण चौधरी थारु**<br>बाबुको नाम : बिलट चौधरी थारु<br>बाजेको नाम : मुखी चौधरी<br>ठेगाना : लालबन्दी - ५, सर्लाही<br>ना.प्र.प.नं. : १५८/१३६७१९२१<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४४/११/११ | **२. नाम : राज कुमार चौधरी**<br>बाबुको नाम : भाग नारायण चौधरी थारु<br>बाजेको नाम : बिलट चौधरी थारु<br>ठेगाना : लालबन्दी - ५,सर्लाही<br>ना.प्र.प.नं. : १९-०२-७६-०२४०६<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७६/०३/१६ |
| | **धितोको विवरण** | |
| | सावित्री देवी चौधरीको नाममा मालपोत हरीवन, सर्लाहीमा दर्ता रहेको जब्दी - १ ग, सर्लाही स्थित कित्ता नं. १७३५ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**

**२०८३ श्रावण १४ गते बिहीबार कार्यालय समय सम्म ।**

**बोलपत्र खोलिने मिति र समय : २०८३ श्रावण १५ गते शुक्रबार ३:०० बजे**

**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# बालेन्द्र शाह 'नेपाली हिटलर' हुन : ठाकुर

**टुडे समाचारदाता**



काठमाण्डू । जनता समाजवादी पार्टी (जसपा), नेपालका सांसद महन्थ ठाकुरले प्रधानमन्त्री बालेन्द्र शाहको कार्यशैलीप्रति आपत्ति जनाउँदै हिटलरको संज्ञा दिएका छन् ।

सांसद ठाकुरले बुधवार राष्ट्रिय सभाको बैठकमा बोल्दै प्रधानमन्त्री शाह नेतृत्वको प्रशासनलाई 'अकार्यकुशल' को संज्ञा दिँदै उनलाई 'नेपाली हिटलर' को रूपमा टिप्पणी गरेका हुन् । सरकारले जनतालाई दिएका कुनै पनि आश्वासन पूरा नगरेको दाबी समेत उनले गरे ।

सांसद ठाकुरले साहले कर्मचारी प्रशासनमाथि प्रहार गरेको र दरबन्दीमा रहेका कर्मचारीहरूलाई हटाएर आन्दोलनको स्थिति सिर्जना गरेको आरोप लगाए। साथै, राजनीतिक दलका कार्यालयहरूमा हस्तक्षेप गर्ने, फर्निचर जलाउने र दलहरूमाथि निरन्तर आक्रमण गर्ने कार्य भइरहेको उनको जिकिर छ।

शिक्षा र स्वास्थ्य क्षेत्रका विषयमा बोल्दै ठाकुरले निजी विद्यालय (बोर्डिङ स्कुल) र नर्सिङ होमहरूमाथि भइरहेको कडाइले लाखौँ विद्यार्थी र शिक्षकको भविष्यमा गम्भीर असर पर्ने बताए ।

सरकारका कारण मुलुकमा परेको असरबारे चर्चा गर्दै बैठकमा ठाकुरले भने, 'बालेन सरकारले दिएका आश्वासनहरू पूरा नहुँदा देशमा निराशा छाएको छ र आत्महत्याका घटनाहरू बढ्दै गएका छन् । दलका नेताहरू असुरक्षित महसुस गरिरहेका छन् भने व्यवसायीहरू पलायन हुने अवस्थामा पुगेका छन् ।'

यसले नेपालको आर्थिक अवस्थालाई थप कमजोर बनाउँदै लगेको भन्दै उनले सरकारको भरमा मात्र शिक्षा र स्वास्थ्य चल्न नसक्ने स्पष्ट पारे। उनले थपे, 'नर्सिङ होम र बोर्डिङ स्कुलहरू बन्द गरिए यसको परिणाम भयावह हुनेछ ।'

वर्तमान प्रशासनले संगठित संस्थाहरूलाई निषेध गर्न खोजेको आरोप लगाउँदै ठाकुरले भने, 'यो सरकारले ट्रेड युनियन, विद्यार्थी संगठनलाई खारेज गरेको छ। यस किसिमले प्रत्येक संस्था जो अर्गनाइज संस्था छ, त्यो अर्गनाइजेसनलाई त उनले हेर्नै चाहँदैन ।'

अर्गनाइजेसनलाई आक्रमण गरेर खत्तम पारेपछि के गर्न खोजेको हो भन्दै उनले प्रश्न गरे । उनले थप्दै भने ' आफ्नो संगठन बनाउने हो कि आफ्नो स्वतन्त्र के भन्ने उनलाई? नेपाली डिक्टेटर, नेपाली हिटलर । नेपाली हिटलर भइसकेको छ, उनले जे बोल्छ त्यही ठीक हो, जे गर्छ त्यही कानुन हो ।' र उनको यो कार्यशैलीले देशलाई गलत धरातलतर्फ लगिरहेको छ ।

# सेवा-सुविधामा करोडौं खर्च, कानून निर्माणमा सुस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको दोस्रो कार्यकालमा कानून निर्माणको गति अपेक्षाकृत सुस्त देखिएको बेला पदाधिकारी तथा सदस्यहरूको सेवा-सुविधामा भने ठूलो रकम खर्च भएको तथ्य सार्वजनिक भएको छ। पछिल्ला तीन आर्थिक वर्षको खर्च विवरणले इन्धन, सवारीसाधन मर्मत तथा भ्रमण भत्तामा उल्लेख्य बजेट खर्चिएको देखिन्छ ।




प्रदेशसभा सचिवालयका अनुसार आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ सम्म इन्धनमा मात्रै २ करोड १४ लाख २ ९ हजार ६१६ रुपैयाँ खर्च गरिएको छ । यसमध्ये आव २०८०/८१ मा ६७ लाख ५ हजार ५९२ रुपैयाँ, आव २०८१/८२ मा ८० लाख २१ हजार ७८४ रुपैयाँ र आव २०८२/८३ मा ६७ लाख २ हजार २४० रुपैयाँ खर्च भएको विवरणमा उल्लेख छ ।

त्यस्तै, यही अवधिमा सरकारी सवार ीसाधनको मर्मत तथा सम्भारमा १ करोड ९० लाख २९ हजार ४५९ रुपैयाँ खर्च भएको छ। आव २०८०/८१ मा ६५ लाख ७ हजार ६९२ रुपैयाँ, आव २०८१/८२ मा ७३ लाख रुपैयाँ र आव २०८२/८३ मा ५२ लाख २१ हजार ७६७ रुपैयाँ मर्मत खर्च भएको सचिवालयले जनाएको छ ।

हाल प्रदेशसभा सचिवालयसँग ३९ वटा सवारीसाधन रहेका छन् । तीमध्ये सात वटा प्रयोगयोग्य अवस्थामा छैनन् भने बाँकी गाडी सभामुख, उपसभामुख, प्रदेशसभा सचिव, संसदीय दलका नेता, प्रमुख सचेतक तथा विषयगत समितिका सभापतिहरूले प्रयोग गरिरहेका छन् ।

सभामुख रामअशिष यादवले आफ्ना लागि एउटा गाडी प्रयोग गरिरहेका छन् भने पछुवा र सचिवालय प्रयोजनका लागि थप दुई गाडी उपलब्ध गराइएको छ । उपसभामुख बबिता राउत ईसरले पनि सचिवालयसहित दुई वटा गाडी प्रयोग गर्दै आएकी छन् । निवर्तमान सभामुख रामचन्द्र मण्डलले समेत प्रदेशसभाको एउटा गाडी सुविधा स्वरूप प्रयोग गरिरहेका छन् । बैठक भत्ताको विवरण हेर्दा वर्तमान सभामुख यादवले हालसम्म कुनै बैठक भत्ता नबुझेको सचिवालयले जनाएको छ। तर निवर्तमान सभामुख मण्डलले पछिल्ला तीन वर्षमा १ लाख ३३ हजार ४५० रुपैयाँ तथा उपसभामुख राउतले १ लाख ८५ हजार ४९५ रुपैयाँ बैठक भत्ता लिएकी छन् ।

भ्रमण भत्तामा भने सबैभन्दा बढी खर्च भएको देखिन्छ। वर्तमान सभामुख यादवले ६३ हजार २४५ रुपैयाँ भ्रमण भत्ता लिएका छन् भने निवर्तमान सभामुख मण्डलले १२ लाख ८३ हजार ९६१ रुपैयाँ र उपसभामुख राउतले १२ लाख ५४ हजार ११२ रुपैयाँ बुझेकी छन्। प्राप्त विवरणअनुसार उपसभामुखको भ्रमण खर्चमा जनकपुर-काठमाडौं हवाई यात्राको हिस्सा उल्लेख्य रहेको देखिन्छ ।

यता प्रदेशसभाको विधायिकी कार्य भने अपेक्षाअनुसार अघि बढ्न सकेको छैन । दोस्रो कार्यकाल सुरु भएदेखि हालसम्म सात वटा अधिवेशनमा कुल १६५ बैठक बसेका छन् । यस अवधिमा २७ वटा विधेयक दर्ता भए पनि १६ वटा मात्रै कानूनका रूपमा पारित भएका छन् । सभामुख यादव गत पुस ६ गते निर्वाचित भएका थिए ।

सचिवालयका अनुसार हाल चार वटा विधेयक दर्ता प्रक्रियामा छन्। तीन वटा प्रदेशसभामा प्रस्तुत भइसकेका छन् भने एउटा प्रस्तुत हुन बाँकी छ। दुई वटा विधेयक सरकारले फिर्ता लगेको छ भने अर्को एउटा सम्बन्धित विषयगत समितिमा विचाराधीन रहेको छ। तुलनात्मक रूपमा पहिलो कार्यकालमा मधेश प्रदेशसभाले करिब ५६ वटा कानून निर्माण गरेको थियो ।

प्रदेशसभा प्रवक्ता विपिन ठाकुरले प्रदेशसभाको कार्यसम्पादन सरकारको विधेयक व्यवस्थापनसँग प्रत्यक्ष जोडिएको बताए। उनका अनुसार सरकारले आवश्यक विधेयक र कार्यसूची उपलब्ध गराएपछि मात्रै प्रदेशसभाले प्रभावकारी रूपमा बैठक सञ्चालन गर्दै कानून निर्माणको प्रक्रिया अघि बढाउन सक्छ ।

## रौतहटमा पनि आत्मदाहको प्रयास

**टुडे समाचारदाता**

रौतहट । तीन जना युवक आत्महत्या गरेको घटना एक साता निबत्दै रौतहटको गरुडा नगरपालिकामा पनि एक युवकले शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार गरुडा नगरपालिका-९ गम्हरियाका २८ वर्षीय गौतमकुमार सहनीले मंगलबार राति करिब १ बजे आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएका हुन् । घटनापछि परिवार तथा स्थानीयवासीको सहयोगमा उनलाई तत्काल गरुडास्थित अस्पतालमा उपचारका लागि लगिएको थियो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त गौतमका अनुसार सहनीको घाँटीदेखि तलसम्म करिब ३१ प्रतिशत शरीर जलेको छ । हाल उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

प्रारम्भिक उपचारपछि उनलाई थप उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पताल रिफर गरिएको छ । आत्मदाह प्रयासको कारण भने हालसम्म खुल्न नसकेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## गति लिँदै धान रोपाईं

# देशभरि ५५ प्रतिशत, मधेशमा मात्र ३२ प्रतिशत

**टुडे समाचारदाता**



जनकपुरधाम । चालु आर्थिक वर्ष २०८२/०८३ को असार मसान्त सकिन लाग्दा देशभैरि करिब ५५ प्रतिशत मात्रै धान रोपाइँ भएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गतको कृषि विभागको हालसम्मको तथ्यांक अनुसार असार अन्तिम सातासम्म आइपुग्दा देशभरि ५४.५२ प्रतिशत रोपाइँ भएको हो ।

विभागका अनुसार देशभरि कुल १३ लाख ७० हजार ६२ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल रहेकोमा हालसम्म ७ लाख ४६ हजार ९ सय ६० दशमलव ६३ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ । गत वर्ष यसै अवधिसम्ममा ५९.२८ प्रतिशत रोपाइँ भएको थियो । यसलाई आधार मान्दा समग्रमा यस वर्षको रोपाइँको गति गत वर्षको तुलनामा सुस्त गतिमा रहेको देखिएको छ ।

रोपाइँको अवस्थालाई प्रदेशगत रूपमा विश्लेषण गर्दा सबैभन्दा कम मधेश प्रदेशमा र सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा रोपाइँ भएको हो । विभागको तथ्यांक अनुसार केही दिनदेखि झिसमिसे वर्षा हुन थालेपछि रोपाईमा केही गति लिएको देखिन्छ । अथ्यांक अनुसार मधेशमा कुल ३ लाख ८५ हजार ९ सय ३३ हेक्टर क्षेत्रफलमध्ये १ लाख २६ हजार ४ सय ३९ हेक्टरमा रोपाइँ भएको छ, जुन जम्मा ३२.८ प्रतिशत मात्र हो । गत वर्ष पनि मधेशमा यस अवधिसम्म ३३.७८ प्रतिशत रोपाइँ भएको थियो ।

सबभन्दा बढी भनिएका सुदूरपश्चिम प्रदेशमा कुल १ लाख ५४ हजार ९ सय ५० हेक्टर धान रोपाइँ हुने क्षेत्रफलमध्ये १ लाख ३६ हजार ३२ हेक्टर अर्थात् ८७.८ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ । अघिल्लो वर्ष यसै अवधिसम्ममा त्यहाँ ९३.१० प्रतिशत रोपाइँ भएको थियो ।

तथ्यांक अनुसार कोशी प्रदेशमा गत वर्षको तुलनामा रोपाइँ वृद्धि भएको यो एक मात्र प्रदेश हो । कोशी प्रदेशमा कुल २ लाख ७६ हजार ३ सय ८७ हेक्टर क्षेत्रफलमध्ये १ लाख ५१ हजार ६ सय १९ हेक्टरमा रोपाइँ भएको छ । गत वर्ष २९ असारसम्म ४१.३२ प्रतिशत मात्र रोपाइँ भएको कोशीमा यस वर्ष ५४.९ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ ।

त्यस्तै गण्डकी प्रदेशमा कुल ९३ हजार ६ सय ६ हेक्टर क्षेत्रफलमध्ये ६१ हजार ७ सय २७ हेक्टर अर्थात् ६५.९ प्रतिशत रोपाइँ भएको छ, जुन गत वर्ष ७१.०३ प्रतिशत थियो भने कर्णाली प्रदेशमा ४३ हजार २ सय ९० हेक्टरमध्ये २६ हजार ६७ हेक्टर अर्थात् ६०.२ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्ष कर्णालीमा ८३.२३ प्रतिशत रोपाइँ भएको थियो ।

लुम्बिनी प्रदेशमा कुल ३ लाख १ हजार ३ सय ७२ हेक्टरमध्ये १ लाख ७९ हजार ६ सय ३१ हेक्टरमा रोपाइँ भएको छ । यो ५९.६ प्रतिशत रहेको छ भने बागमती प्रदेशमा कुल १ लाख १४ हजार ५ सय २४ हेक्टरमध्ये ६५ हजार ४ सय ४६ हेक्टर (५७.१ प्रतिशत) क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । गत वर्ष यसै अवधिसम्म लुम्बिनीमा ७३.६८ प्रतिशत र बागमतीमा ७६.३१ प्रतिशत रोपाइँ भएको थियो ।

# धनुषामा फरार ८ अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहेका ८ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।




जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जिल्ला अदालत धनुषाको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीहरूको खोजतलास गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला अदालत धनुषामा पेश गरिएको धनुषा प्रहरीले जनाएको छ ।

जिप्रका धनुषाका अनुसार पक्राउ परेकामध्ये चोरी मुद्दाका दुई जना प्रतिवादीलाई एक/एक महिना कैद र जनही एक लाख ४० हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो । लागूऔषध सम्बन्धी मुद्दाका एक जनालाई सात दिन कैद र ७ सय रुपैयाँ जरिवाना तथा अर्को एक जनालाई २८ दिन कैद सजाय तोकिएको थियो ।

तयस्तै, सवारी ज्यान मुद्दाका तीन जना प्रतिवादीलाई क्रमशः १३ दिन, १५ दिन र ९ दिन कैद तथा जनही २ हजार रुपैयाँ जरिवाना सजाय सुनाइएको थियो । वन पैदावर ओसारपसार मुद्दाका दुई जनालाई जनही ९६ हजार २ ९७ रुपैयाँ जरिवाना तोकिएको थियो भने कुटपिट तथा लुटपिट मुद्दाका प्रतिवादीहरूलाई जनही ३ हजार रुपैयाँ जरिवाना सजाय भएको प्रहरीले जनाएको छ ।

धनुषा प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिने जनाएको छ ।

## पोखरीमा डुबेर भारतीय युवकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको ईशनाथ नगरपालिका-४ स्थित मठिया माध्यमिक विद्यालयको माछा पोखरीमा एक भारतीय युवकको शव फेला परेको छ ।

शवको पहिचान भारत बिहारको मोतिहारी जिल्ला ढाका ग्राम पञ्चायत-३० का लाल मोहम्दका २३ वर्षीय छोरा मोहमद वजिरको रुपमा गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले जारी गरेको प्रेस विज्ञप्तिमा मंगलवार राति ९:३० बजेको समयमा एक युवकले पोखरीमा हाम फालेको भन्ने सूचना स्थानीय बासिन्दाबाट प्राप्त भएपछि प्रहरी चौकी मठियाबाट प्रहरी सहायक निरीक्षक राज कर्ण राउत र सशस्त्र प्रहरी बलको बीओपी औरैयाबाट सशस्त्र प्रहरी निरीक्षक बलबहादुर कुँवरको नेतृत्वमा खटिएका संयुक्त टोलीले रातभर खोजतलास जारी राखिएको थियो ।

बुधवार बिहान करिब ९:४५ बजे खोजतलासका क्रममा सोही पोखरीबाट युवकको शव फेला परेको हो । जिल्ला प्रहरी कार्यालय रौतहटको सूचना अधिकारी एवं डिएसपी बसन्त गौतमले शवको सनाखत मृतकका दाजु जहिर अहमदले पहिचान गरेको जानकारी दिए । शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको तथा उक्त घटना सम्बन्धमा आवश्यक अनुसन्धान भईरहेको उनले जनाएको छ ।

# लायन्स क्लब जनकपुरधामको अध्यक्षमा विकास



**टुडे समाचारदाता**

जनकपुरधाम । लायन्स क्लब अफ जनकपुरधाम हेरिटेजको चार्टर समारोह सम्पन्न भएको छ । समारोहसँगै क्लबको पहिलो कार्यसमिति चयन गर्दै आगामी कार्यकालका लागि नयाँ नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गरिएको जनाइएको छ । नवनिर्वाचित कार्यसमितिको अध्यक्षमा विकास कुमार साह चयन भएका छन् ।

त्यसैगरी, प्रथम उपाध्यक्षमा लक्ष्मण साह, द्वितीय उपाध्यक्षमा विकास कुमार चौधरी, सचिवमा विष्णु कुमार साह, कोषाध्यक्षमा दिपेश कुमार सिंह, सहसचिवमा मनोज साह तथा सहकोषाध्यक्षमा शत्रोहन साह चयन भएका छन् ।

क्लबको सदस्यता संयोजक (मेम्बरसिप चेयरपर्सन) मा विकास साह, मार्केटिङ चेयरपर्सनमा अमित साह, एलसीआईएफ (ञ्ऋक्ष्ँ) संयोजकमा डा. ऋषिकेश प्रताप साह तथा सेवा (सर्भिस) चेयरपर्सनमा निराजन कुमार कुशवाहा चयन भएका छन् । निर्देशकहरूमा ऋतिक सिंह, जयन्त कदमिया र शिवेन्द्र साह रहेका छन् ।

रामबाबु गुप्ता र ऋषिकेश साहले गाइडिङ लायनको जिम्मेवारी सम्हाल्ने भएका छन् भने एक्सटेन्सन चेयरपर्सनमा पास्ट डिस्ट्रिक्ट गभर्नर मधुकर उपाध्याय र डिस्ट्रिक्ट जीईटी (न्भ्त) कोर्डिनेटरमा मनीष रमण साह चयन भएका छन् । चार्टर समारोहमा वक्ताहरूले लायन्स अभियानलाई समाजसेवा, नेतृत्व विकास र मानवीय सेवाको प्रभावकारी माध्यमका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

जनकपुरधाममा शिक्षा, स्वास्थ्य, सामाजिक सेवा तथा मानवीय सहयोगका क्षेत्रमा क्लबले सक्रिय भूमिका निर्वाह गर्ने लक्ष्यसमेत सार्वजनिक गरिएको थियो । समारोहमा लायन्सका विभिन्न तहका पदाधिकारी, विभिन्न क्लबका प्रतिनिधि, समाजसेवी तथा अन्य विशिष्ट व्यक्तिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# छिन्नमस्ता बाटो मरम्मत गर्न माग

**टुडे समाचारदाता**



राजविराज । सप्तरीको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल छिन्नमस्ता शक्तिपीठ जाने बाटो जीर्ण भएको भन्दै तत्काल मरम्मत सम्भार गर्न छिन्नमस्ता गाउँपालिकाले सडक डिभिजन कार्यालय लहानसँग माग गरेका छन् ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले सडक डिभिजन कार्यालयलाई पत्राचार गर्दै करिब तीन दशकदेखि निर्माण प्रक्रियामै अल्झिएको उक्त सडकको तत्काल मर्मत सम्भार गरी स्थायी निर्माण कार्य अघि बढाउन माग गरेका हुन् ।

गाउँपालिकाका अनुसार छिन्नमस्ता शक्तिपीठमा नेपाल र भारतबाट प्रत्येक वर्ष २५ देखि ३० लाखसम्म श्रद्धालु दर्शनका लागि पुग्ने गर्छन् ।

तर, सडकको दयनीय अवस्थाका कारण यात्रुहरूले सास्ती खेप्नुका साथै दुर्घटनाको जोखिम पनि बढ्दै गएको छ । यसले स्थानीय व्यापार, कृषि तथा सेवा प्रवाहसमेत प्रभावित भएको गाउँपालिकाको अध्यक्ष चौधरीको भनाइ छ ।

वर्षायामसँगै सडकमा बनेका खाल्डाखुल्डी र हिलोका कारण आवागमन थप कठिन र जोखिमपूर्ण बनेको उल्लेख गर्दै गाउँपालिकाले तत्काल ग्राभेलिङ, ढल निकासको उचित व्यवस्था तथा आवश्यक मर्मत कार्य गर्न माग गरेको छ ।

अध्यक्ष चौधरीले सार्वजनिक सुरक्षालाई प्राथमिकतामा राख्दै प्रशासनिक तथा प्राविधिक प्रक्रिया शीघ्र टुंग्याएर नयाँ ठेक्कामार्फत स्थायी सडक निर्माण सुरु गर्न सडक डिभिजन कार्यालयसँग अनुरोध गरेका छन् । गाउँपालिकाले धार्मिक पर्यटन प्रवर्द्धन र स्थानीय जनजीवन सहज बनाउन सडकको स्तरोन्नति अपरिहार्य रहेको समेत जनाएको छ ।

# मिडिया काउन्सीलको विज्ञापन विरुद्ध मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालय अन्तर्गतका मिडिया काउन्सिलले सदस्य पदका लागि आह्वान गरेको विज्ञापनविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको छ ।




अधिवक्ता रकी प्रसाद साहले मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय र प्रदेश प्रमुखको कार्यालयलाई विपक्षी बनाउँदै रिट निवेदन दर्ता गराएका हुन् ।

प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा मिडिया काउन्सिलको सदस्यका लागि उमेर रु शैक्षिक योग्यता बारे उल्लेख नभएकोमा प्रदेशको गृह मन्त्रालयले असार २३ गते आह्वान गरेको विज्ञापनमा उमेर र शैक्षिक योग्यता बारे उल्लेख रहेकाले अधिवक्ता साहले मुद्दा दायर गरेका हुन् ।

मिडिया काउन्सिलको सदस्य पदको विज्ञापनमा ३५ वर्ष उमेर पुरा भई ६० ननाघेको तथा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको उल्लेख गरेको छ । अधिवक्ता साहले बुधबार दर्ता गराएको रिट निवेदनमाथि बिहीबार सुनुवाईका लागि पेशी तोकिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८